# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०९/०८२/८३

आज मिति २०८२।०९।१३ गते आइतबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०९/०८२/८३(नवौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सब्रिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेंली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विजय अधिकारी | अधिकृत, आठौं | | |
| २. | महन्त ठाकुर | खरिदार | | |
| ३. | प्रेम कुशवाहा | [illegible] | | |
| | | | | |

## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं. ०९/०८२/८३ मिति २०८२/०९/१३ गतेको एजेण्डा तथा छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

प्रस्ताव नं. १ चालु आ.व. २०८२/८३ को समिक्षा सम्बन्धमा।

निर्णयः प्रस्ताव नं. १ माथि छलफल गर्दा भोली मिति २०८२/०९/१४ गते हुने १६ औं नगरसभामा चालु आ.व. २०८२/८३ को श्रावण देखि मंसिर मसान्त सम्म भए गरेका कामहरुको समिक्षा प्रस्तुत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ संसोधित आय-व्यय, बजेट, निती तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।

निर्णयः प्रस्ताव नं. २ माथि छलफल गर्दा भोली हुने १६ औं नगरसभामा संसोधित आय-व्यय, बजेट, निती तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ समिति गठन सम्बन्धमा।

निर्णयः प्रस्ताव नं. ३ माथि छलफल गर्दा मधेश प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन २०८१ को दफा ६ बमोजिम दरबन्दि सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दिमा हेरफेर गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- प्रशासन शाखा प्रमुख

सदस्य- स्वास्थ्य शाखा प्रमुख

प्रस्ताव नं. ४ मासिक भाडा बुझिलिने सम्बन्धमा।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा कलैया उपमहानगरपालिका वडा नं. १ को हाट बजारमा अवस्थित कवल कोठा नं. १२० को सम्बन्धमा श्री हसबुन नेसा अंसारीले यस कार्यालयमा मिति २०८२/०९/११ गते पेश गरेको निवेदनमा लेखिए अनुसार निज हसबुन नेसा अंसारी र मुसा धुनिया भन्ने अमिन मिया बिच भएको विवाद रहँदै आएको हुँदा कलैयां उपमहानगरपालिकाको कार्यालय कलैया द्वारा विभिन्न चरणमा छलफल गरी मिति २०७१/०५/०९ मा म निवेदकको नाममा हकभोग गर्ने टिप्पणी आदेश भएको र हाम्रो विवद विचमा श्रीदास बनिया कायस्थले अवैध तरिकाले जबरजस्ती उक्त कबल कोठामा कब्जा गरी व्यापार गर्दै रहेकोमा नगरपालिकाले निर्णय गरे अनुसार मेरो हकभोग हुनेगरी श्रीदास बनियालाई बारम्बार कवल कोठा खाली गर्न अनुरोध गर्दा पनि खाली नगरेपछि म निवेदिकाले जिल्ला अदालत र उच्च अदालत समेत विभिन्न चरणमा मुद्दा दायर गरी मेरो हकभोग कायमनै रहेको र अदालतमा मिति २०८२/०७/२४ गते कलैया उपमहानगरपालिकाको कार्यालय मार्फत साँचो बुझेको मिति देखि पसल कवलको मासिक भाडा बुझिलिन निवेदन गरे बमोजिम निजको पसल कवल भाडा बुझिलिने निर्णय गरियो।

प्रस्ताव नं. ५ माछा पोखरीको ठेक्काको म्याद थप सम्बन्धमा।

निर्णय नं. ५ कलैया उपमहानगरपालिकाको वडा नं. २० स्थित वसतपुरमा रहेको माछा पोखरी मिति २०७८/०७/०१ गते देखि आ.व. २०८२/८३ असाढ मसान्त सम्म ४ वर्ष ९ महिनाको लागि रू. १५११००० मा ठेक्का सकार गरी संचालन गरिरहेकोमा सो पोखरीको मर्मत गर्नु भनि द.नं. ४५७४ मिति २०७८/०६/२५ गते मै ठेकदारले निवेदन दिएता पनि २०८०/०२/१४ गते कार्यादेश दिई सो पोखरीको डिल मर्मत कार्य भएको रेकर्डबाट देखिन्छ। यसरी पोखरीको डिल मर्मत गर्न केहि दिन अघि देखि पानी सुकाउने र मर्मत कार्य सकिसके पनि पोखरीमा पानी हालि माछाको भुरा हुर्काउने समय लाग्ने भएकोले ठेकदारलाई मर्का पर्ने भएको हुँदा क्षतीपूर्ती बराबर ३ महिना म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ फुकुवा तथा सिफारीस सम्बन्धमा।

निर्णय नं. ६ कलैया उपमहानगरपालिकामा कार्यपालिकाको बैठक नं.०३/२०८१/८२ मिति २०८१/०६/१६ गतेको निर्णय बमोजिम कारबाहिमा पर्नुभएका कर्मचारीहरु श्री रामजी मण्डल महतो, श्री हरदेव प्र साह कानुले खाईपाई आएकोमा १ ग्रेड कट्टा गरिएकोले निजहरुको सो कारबाहि मिति २०८२/०६/१६ गते १ वर्ष पुगे पश्चात फुकवा गर्ने र निजहरुको स्तर वृद्धि प्रकृयामा रोकावट नहुने भनि सिफारीस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ प्रशासनिक भवनको ठेक्काको म्याद थप सम्बन्धमा।

निर्णय नं. ७कलैया उपमहानगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य ठेक्का नं. KSMC/NCB/WORKS-13-2078/79 को कार्यको म्याद थपको लागि चौधरी कन्स्ट्रक्सनले यस कार्यालयको दर्ता नं. ४९३३ मिति २०८२/०७/०२ गते को निवेदनबाट भवन निर्माण कार्य सम्पन्न गर्न नेपालमा केहि सामानहरु उपलब्ध नभएकोले बाहिर विदेशबाट आउन ढिलो भएको तथा GEN-Z को देशव्यापी आन्दोलनको कारण लगायत विभिन्न कारण देखाई म्याद थपको लागि अनुरोध गरेकोले उक्त कार्य सम्पन्न गर्नको लागि यस कार्यालयलाई थप आर्थिक भार दाबी नगर्ने गरि २०८३ बैशाख मैसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।